# प्रदेश लोक सेवा आयोग

## मधेश प्रदेश

जनकपुरधाम, धनुषा, नेपाल

(प्रशासन शाखा)

प.सं. २०८१।०८२

च.नं. ५८६

Email Address:
info.ppsc@p2.gov.np

प्रदेश लोक सेवा आयोग मधेश प्रदेश जनकपुरधाम, धनुषा

मितिः २०८१।०९।२८

श्री स्थानीय सबै
मधेश प्रदेश।

विषयः- राय परामर्श सम्बन्धमा।

उपरोक्त सम्वन्धमा स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ का दफा २९ को उपदफा (२) मा स्थानीय स्वास्थ्य सेवाका विभिन्न तह/स्तर वृद्धिको सम्वन्धमा देहाय वमोजिम आयोगको मिति २०८१/०९/२८ मा निर्णय भएको व्यहोरा निर्णयबाटै अवगत गर्नु भै आवश्यक कारवाही अगाडी वढाउनु हुन अनुरोध छ।

निर्णय नं. १

चौथो तहमा वढुवा भई कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम समायोजन भएका स्वास्थ्य सेवाको कर्मचारीको हकमा स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ का दफा २९ को उपदफा (२) को प्रतिवन्धात्मक वाक्यांशमा "कर्मचारी समायोजन ऐन २०७५ वमोजिम समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीले यसै ऐन वमोजिम वढुवा पाइसकेपछि उपदफा (२) वमोजिम मात्र स्तरवृद्धि हुनेछ" भनि व्यवस्था रहेकोले सोही ऐन वमोजिम वढुवा पाइसकेपछि मात्र पाँचौ तहमा स्तर वृद्धि गर्न सकिने देखिन्छ।

निर्णय नं. २

चौथो तहमा शुरु नियुक्ति भए पश्चात पाँचौ तहमा स्तरवृद्धि भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका स्वास्थ्य सेवाको कर्मचारीको हकमा स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ का दफा २९ को उपदफा (२) को प्रतिवन्धात्मक वाक्यांशमा "कर्मचारी समायोजन ऐन २०७५ वमोजिम समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीले यसै ऐन वमोजिम वढुवा पाइसकेपछि उपदफा (२) बमोजिम मात्र स्तरवृद्धि हुनेछ" भनि व्यवस्था रहेकोले सोही ऐन बमोजिम वढुवा पाइसकेपछि मात्र छैठौं तहमा स्तर वृद्धि गर्न सकिने देखिन्छ।

निर्णय नं. ३

पाँचौ तहमा शुरु नियुक्ति भएका वा आन्तरिक प्रतियोगात्मक परिक्षाद्वारा पाँचौ तहमा वढुवा भई कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम समायोजन भएका स्वास्थ्य सेवाको कर्मचारीहरुको हकमा स्थानीय सेवा

सचिव

# प्रदेश लोक सेवा आयोग

मधेश प्रदेश

जनकपुरधाम, धनुषा, नेपाल

(प्रशासन शाखा)

Email Address:
info.ppsc@p2.gov.np

प.सं. २०८१।०८२

च.नं. २८६

(गठन तथा संचालन) ऐन, २०८१ का दफा २९ को उपदफा (२) वमोजिम तोकिएको सेवा अवधि पुरा गरेको तथा पछिल्लो दुई आ.व.मा कम्तिमा उत्तम कार्यसम्पादन मूल्याङ्कन प्राप्त गरेको कर्मचारीलाई छैठौं तहमा स्तर वृद्धि गर्न बाधा पर्ने देखिदैन।

<u>निर्णय नं. ४</u>

पाँचौ तहमा शुरु नियुक्ति भएका वा आन्तरिक प्रतियोगात्मक परिक्षाद्धारा पाँचौ तहमा बढुवा भई छैठौ तहमा स्तर वृद्धि भएको तथा कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम समायोजन भएका स्वास्थ्य सेवाको कर्मचारीहरुको हकमा स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ का दफा २९ को उपदफा (२) वमोजिम तोकिएको सेवा अवधि पुरा गरेको तथा पछिल्लो दुई आ.व.मा कम्तिमा उत्तम कार्यसम्पादन मूल्याङ्कन प्राप्त गरेको कर्मचारीलाई सातौं तहमा स्तर वृद्धि गर्न वाधा पर्ने देखिदैन।

.....................

(दामोदर गौतम)

सचिव

सचिव